## मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता

# कार्यान्वयन र चुनौती

नीतिसार

विश्व व्यापार संगठन (World Trade Organization) का बहुपक्षीय सम्झौताहरू मध्ये मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता (Agreement on the Application of Sanitary and Phytosanitary Measures – SPS) एक हो। भन्सार र व्यापारसम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade – GATT) को अन्तिम चरणको (उरुग्वे चरण, १९८६-१९९४) वार्ताका बेला GATT सदस्य राष्ट्रहरूबीच SPS सम्झौताको सम्बन्धमा छलफल भएको थियो।

सन् १९९५ मा GATT लाई परिमार्जन गरी WTO को स्थापना गरे पश्चात SPS सम्झौता बहुपक्षीय व्यापार प्रणालीको एक मुख्य सम्झौताको रुपमा कार्यान्वयनमा आएको हो।

## SPS सम्झौता र नेपाल

खाद्य पदार्थ वा खाद्य प्रदुषणको कारणबाट हुने हानीबाट मानव र पशुको स्वास्थ्य एवं जीवनको रक्षा गर्न, उपभोग्य खाद्य पदार्थलाई सुरक्षित र स्वस्थ्यकर राख्न तथा रोग किराहरूका कारणले हुन सक्ने हानी नोक्सानीबाट मानव, पशु र वनस्पतिलाई सुरक्षित राख्न SPS सम्झौताले WTO का सदस्य राष्ट्रलाई विभिन्न उपायहरू अवलम्बन गर्न प्रोत्साहित गर्दै प्रावधानहरू राखेको छ।

सम्झौताले आवश्यक SPS उपाय अपनाउन सक्ने सार्वभौमिक अधिकारलाई मान्यता दिंदै सदस्य राष्ट्रलाई SPS उपाय लागू गर्ने क्रममा अन्तर्राष्ट्रिय व्यापारमा अनावश्यक अवरोध खडा नगर्न मार्गनिर्देशन पनि दिएको छ।

WTO को सदस्यता लिने क्रममा नेपालले सन् २००६ सम्ममा SPS सम्झौता अनुकुल नयाँ कानून तर्जुमा तथा विद्यमान कानून संशोधन गर्ने प्रतिबद्धता गरेको छ।

प्रतिबद्धताअनुरुप नेपालले SPS सम्बन्धी आवश्यक जानकारी प्रवाह गर्न सोधपूछ केन्द्र (enquiry point) को रुपमा कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तोकेको छ भने कानूनको तर्जुमा तथा संशोधनको लागि पहल पनि जारी छ।

**SPS भन्नाले मानव, पशु र वनस्पति स्वास्थ्य एवं जीवनको सुरक्षाका लागि अवलम्बन गरिने उपायहरू बुझिन्छ। Sanitary ले मानव र पशु स्वास्थ्य एवं जीवन तथा phytosanitary ले वनस्पति स्वास्थ्य सुरक्षालाई जनाउँछ।**



वर्ष १, अंक २, २०६२

**कोष्ठक १: अतिकम विकसित सदस्य राष्ट्र र SPS सम्झौताका सहुलियतपूर्ण प्रावधानहरू**

- अतिकम विकसित सदस्य राष्ट्रलाई प्रशोधन प्रविधि, अनुसन्धान र भौतिक पूर्वाधारको लागि सल्लाह, अनुदान आदि दिएर सहयोग गर्ने।
- अतिकम विकसित सदस्य राष्ट्रबाट वस्तु आयात गर्ने राष्ट्रले प्राविधिक सहयोग दिने।
- अतिकम विकसित सदस्य राष्ट्रका विशेष आवश्यकतालाई अन्य सदस्य राष्ट्रले पूर्ति गर्न सहयोग गर्ने।
- अतिकम विकसित सदस्य राष्ट्रबाट निर्यात हुन सक्ने उत्पादनसँग सम्बन्धित नियमहरू SPS सम्झौता अनुकुल बनाउन बढी समय दिने।
- अतिकम विकसित सदस्य राष्ट्रबाट हुने वस्तुहरूको आयातसँग सम्बन्धित प्रावधानहरू कार्यान्वयन गर्न बढी समय दिने।
- कुनै प्रावधानलाई कार्यान्वयन गर्न कठिनाई भएको कुरा अतिकम विकसित सदस्य राष्ट्रले अनुरोध गरेमा उक्त दायित्वबाट पूरै वा आंशिक रुपमा छुट दिने।
- मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू (जस्तै, CAC, OIE, IPPC) का क्रियाकलापहरूमा भाग लिन अतिकम विकसित सदस्य राष्ट्रलाई प्रोत्साहन गर्ने।

## SPS सम्झौताका मुख्य विशेषताहरू

### भेदभाव रहित व्यवहार

SPS सम्झौता WTO को भेदभाव रहित सिद्धान्तमा आधारित छ। सिद्धान्तअनुरुप कुनै पनि सदस्य राष्ट्रले समान प्रकृतीका स्वदेशी र अन्य सदस्य राष्ट्रबाट आयातित खाद्य र खाद्य पदार्थ, पशु र पशुजन्य पदार्थ तथा वनस्पति र वनस्पतिजन्य पदार्थमा SPS उपाय अवलम्बन गर्दा राष्ट्रिय व्यवहार (national treatment) गर्नुपर्दछ। त्यस्तै कुनै पनि सदस्य राष्ट्रले SPS उपाय अवलम्बन गर्दा अन्य सदस्य राष्ट्रबाट आयात हुने वस्तुलाई अतिसौविध्यपूर्ण राष्ट्र व्यवहार (most favoured nation treatment) गर्नुपर्दछ। अर्थात अन्य सदस्य राष्ट्रबाट आयात हुने उस्तै प्रकारका खाद्य र खाद्य पदार्थ, पशु र पशुजन्य पदार्थ तथा वनस्पति र वनस्पतिजन्य पदार्थमा कुनै भेदभाव बिना समान व्यवहार गर्नुपर्दछ।

### पारदर्शिता

सदस्य राष्ट्रले SPS सम्बन्धी कुनै कानून तथा उपाय लागू गर्नु पूर्व WTO सचिवालयलाई जानकारी गराउनु पर्छ। उदाहरणका लागि पशु क्वारेन्टाइनसम्बन्धी कुनै कानून वा मापदण्ड लागू गर्नु भन्दा पहिले नै सो को जानकारी WTO सचिवालयलाई दिनुपर्दछ।

### जोखिम मूल्यांकन

SPS उपायहरू लागू गर्दा त्यस्ता उपायहरू अन्तर्राष्ट्रिय मापदण्ड, मार्गदर्शन तथा सिफारिसहरू भन्दा फरक हुन गएमा अन्तर्राष्ट्रिय गुणस्तर संगठनद्वारा विकसित विधिहरू जस्तै कोडेक्स अलिमेन्टारियस कमिसन (Codex Alementarius Commission - CAC), अन्तर्राष्ट्रिय पशुरोग संस्था (International Office of Epizootics - OIE) र अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महासन्धिको सचिवालय (The Secretariat of the Intenational Plant Protection Convention - IPPC) लाई ध्यानमा राखि गरिएका वैज्ञानिक जोखिमको लेखाजोखामा आधारित प्रमाणहरू सम्बन्धित सदस्य राष्ट्रले पेश गर्नुपर्छ।

### सामञ्जस्यता

SPS सम्झौताले सदस्य राष्ट्रलाई SPS सम्बन्धी कानूनहरूमा सामञ्जस्यता ल्याउन SPS सम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय मापदण्ड, मार्गनिर्देशन र सिफारिसको अनुसरण गर्न प्रोत्साहित गरेको छ। सदस्य राष्ट्रहरूलाई मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षाका लागि यी अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसरण नगरी छुट्टै SPS सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण गर्न पनि छुट दिइएको छ। तर त्यस्ता राष्ट्रिय मापदण्डहरू वैज्ञानिक तथ्यमा आधारित हुनुपर्दछ र व्यापारमा अनावश्यक अवरोध खडा गर्न नभई मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षाका लागि ल्याइएको हुनुपर्दछ।

### विवाद समाधान

WTO का सम्झौताहरू कानूनसरह सबै सदस्य राष्ट्रले मान्नु पर्छ। यदि कुनै सदस्य राष्ट्रले सम्झौताको उल्लघंन गरे मर्का पर्ने सदस्य राष्ट्रले WTO को विवाद समाधान निकाय (Dispute Settlement Body) मा आवश्यक उपचारका लागि निवेदन दिन सक्ने व्यवस्था छ। SPS सम्झौतामा पनि यो लागू हुन्छ।

## SPS सम्बन्धी कानूनको औचित्यता

SPS सम्बन्धी कानून मानव, पशु र वनस्पतिको स्वास्थ्य एवं जीवनको सुरक्षाका लागि मात्र आवश्यक नभई गुणस्तरीय वस्तुको आयात निर्यात गरी स्वास्थ्य सुरक्षाको वातावरण कायम गर्न र उत्पादित वस्तुको गुणस्तर वृद्धि गरी विश्व बजारमा प्रतिस्पर्धी बन्न समेत आवश्यक छ। एकातिर वस्तु निर्यात गर्दा सो वस्तुले मानव, पशु र वनस्पतिको स्वास्थ्य एवं जीवनमा नकारात्मक असर पार्दैन भन्ने प्रत्याभूति अन्य राष्ट्रलाई दिनुपर्ने हुन्छ भने वस्तु आयात गर्दा पनि स्वास्थ्य सुरक्षाको हिसाबले निगरानी र नियन्त्रण गर्न सकिन्छ।

त्यसैले नेपालले SPS सम्झौताको कार्यान्वयन गर्न आवश्यक छ। यस सम्झौताले नेपाल जस्तो अतिकम विकसित सदस्य राष्ट्रलाई SPS सम्बन्धी मापदण्डहरू लागू गर्न कठिनाई नहोस् भन्ने हेतुले विभिन्न सहुलियतहरू पनि प्रदान गरेको छ *(कोष्ठक १)*। SPS सम्बन्धी कानून बनाउने र राष्ट्रिय मापदण्डहरू निर्धारण गर्ने क्रममा नेपालले ती सहुलियतहरू उपयोग गर्न सक्छ। नेपालले SPS सम्बन्धी कानूनलाई SPS सम्झौता अनुकुल बनाउनुपर्ने सन्दर्भमा सम्झौतासँग सम्बन्धित नेपालको विद्यमान कानूनी व्यवस्थालाई विश्लेषण गरी हेर्नु आवश्यक छ।

## SPS सम्झौता र खाद्यसम्बन्धी कानून

WTO सदस्यको हैसियतले नेपालले खाद्य सुरक्षाको लागि CAC को मापदण्ड, मार्गदर्शन तथा सिफारिसहरू अवलम्बन गर्न सक्ने अधिकार राख्दछ भने यससम्बन्धी छुट्टै राष्ट्रिय मापदण्ड समेत निर्धारण गर्न सक्छ। विद्यमान खाद्य ऐन, २०२३ का कतिपय प्रावधानहरू SPS सम्झौतासँग मेल खादैनन्। उदाहरणको लागि विद्यमान खाद्य ऐनले प्रदुषित खाद्य पदार्थको परिभाषा CAC को मार्गदर्शनमा आधारित भएर गरेको पाइदैन। प्राकृतिक तरिकाबाट उत्पादित खाद्य पदार्थ र प्रशोधित खाद्य पदार्थबीचको भिन्नतालाई खाद्य ऐनले छुट्याएको पाइदैन। खाद्य ऐनले खाद्य पदार्थको गुणस्तर तोक्ने अधिकार सरकारलाई दिएको छ। जसअनुसार कुनै खाद्य पदार्थमा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्दछ भन्ने सम्बन्धमा समय समयमा आदेश दिन सक्नेछ। तर त्यस्तो आदेश कुन तथ्यमा आधारित भएर गर्ने भन्ने सम्बन्धमा ऐनमा उल्लेख छैन। वंशाणुगत परिवर्तन गरी उत्पादन गरिएको खाद्य पदार्थको बारेमा ऐन मौन रहेको छ। WTO सदस्यको हैसियतले प्राप्त गर्ने अधिकार र जिम्मेवारीबीच सामञ्जस्यता ल्याउँदै नेपालले SPS सम्बन्धी कानून संशोधन गर्नुपर्ने हुनाले SPS सम्झौताअनुरुप विद्यमान खाद्य ऐनले समेट्नु पर्ने महत्वपूर्ण पक्षहरूलाई कोष्ठक २ मा हेर्न सकिन्छ।

## SPS सम्झौता र पशु स्वास्थ्यसम्बन्धी कानून

नेपालले पशु स्वास्थ्यसम्बन्धी विभिन्न ऐन कानूनहरू कार्यान्वयन गरेको छ। जस्तै, पशु स्वास्थ्य एवं पशु सेवा ऐन, २०२०, संक्रामक रोग ऐन, २०२०, दाना पदार्थ ऐन, २०३३, पशु वधशाला र मासु जाँच ऐन, २०५५ आदि। तर यी ऐनहरूमा पनि कमीकमजोरीहरू छन्।

त्यसैले SPS सम्झौता अनुकुल कानून निर्माण गर्ने क्रममा यी ऐनहरूमा पनि परिमार्जन आवश्यक छ। कोष्ठक ३ मा पशु स्वास्थ्यसम्बन्धी कानूनलाई संशोधन गर्ने क्रममा समावेश गर्नुपर्ने महत्वपूर्ण पक्षहरूलाई प्रस्तुत गरिएको छ।

### कोष्ठक २: खाद्यसम्बन्धी कानूनमा समावेश गर्नुपर्ने महत्वपूर्ण पक्षहरू

| | |
|---|---|
| **WTO सदस्यको अधिकार** | |
| जनताको स्वास्थ्य सुरक्षा गर्ने | विषादीको मात्रा, पशु औषधीको अवशेष, एन्टीवायोटिक्स, सुक्ष्म जिवाणु, विकिरण, रोग किरा आदिबाट हुनसक्ने स्वास्थ्यसम्बन्धी समस्याबाट जनताको बचावट गर्ने। वंशाणुगत परिवर्तन गरिएका वस्तुहरूको प्रयोगबाट हुन सक्ने स्वास्थ्यसम्बन्धी समस्याबाट जनताको बचाव गर्ने। |
| मापदण्ड छनौट गर्ने | CAC को गुणस्तर, मार्गदर्शन र सिफारिसलाई मान्ने या आफ्नो देशमा छुट्टै तयार गर्ने। |
| आपतकालिन अधिकार | रोगको प्रकोप फैलिन सक्ने आपतकालिन अवस्थामा त्यसको रोकथाम गर्न सक्ने गरी प्रावधान राख्ने। |
| विवाद समाधान | खाद्यसम्बन्धी आन्तरिक विवादमा मध्यस्थकर्ताद्वारा समाधान गर्ने र अन्तर्राष्ट्रिय विवादमा WTO को विवाद समाधान निकायमा लैजाने। |
| कानून कार्यान्वयन | खाद्य परीक्षणसम्बन्धी प्रक्रिया नपुग्दा सम्म आयातित वस्तु भन्सार नाकामा नै रोकि राख्ने तर यस्तो परीक्षण सकेसम्म चाँडो सञ्चालन गर्ने। |
| मान्यता प्राप्त गर्ने र मान्यता दिने | स्वदेशका खाद्य प्रयोगशालाहरूले अन्तर्राष्ट्रिय प्रयोगशालाहरूको मान्यता प्राप्त गर्ने र मान्यता दिने। स्वदेश मै पनि नीजि क्षेत्रका प्रयोगशालाहरूलाई मान्यता दिने र विभिन्न निकायहरू बीच समन्वय गर्ने। |
| **WTO सदस्यको जिम्मेवारी** | |
| भेदभाव नगर्ने | एउटै प्रकृतिका स्वदेशी र आयातित खाद्य वस्तुलाई राष्ट्रिय व्यवहार गर्ने। एउटै प्रकृतिका अन्य सदस्य राष्ट्रबाट आयात हुने खाद्य वस्तुलाई अतिसौविध्यपूर्ण राष्ट्र व्यवहार गर्ने। |
| पारदर्शिता | खाद्यसम्बन्धी कुनै कानून वा मापदण्ड लागू गर्नु भन्दा पहिले नै WTO लाई जानकारी दिने र अन्य WTO सदस्य राष्ट्रहरूबाट आएका राम्रा सुझावहरूलाई समावेश गर्ने। |
| मानव स्वास्थ्यको जोखिम मूल्याङ्कन | कम गुणस्तरका खाद्य वस्तुहरू देशभित्र आउनबाट रोक्न CAC को गुणस्तर, मार्गदर्शन र सिफारिस भन्दा छुट्टै मापदण्ड तयार गरेमा जोखिम मूल्याङ्कन गर्ने। उपभोक्ताले चाहेमा खाद्य वस्तु कहाँ, कसले, कहिले र कसरी उत्पादन भएको र के कसरी प्रशोधन गरिएको हो भन्ने सम्बन्धमा एक सरल र व्यवस्थित प्रणाली लागू गर्ने। उत्पादित कृषि वस्तुमा सोही अनुसारको लेबल लगाउने व्यवस्था गर्ने। |

## SPS सम्झौता र वनस्पति स्वास्थ्यसम्बन्धी कानून

आयात र निर्यात गरिने बिरुवा र बिरुवामा लाग्ने विनाशकारी संक्रामक किटाणु वा रोगको आवागमन र विस्तारलाई निरोध र नियन्त्रण गर्नका लागि बिरुवा संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३१ लागू गरिएको भएता पनि यस ऐनका कतिपय प्रावधानहरू SPS सम्झौतासँग मेल खादैनन्। यसका अतिरिक्त बीउबिजन बिरुवाकै वर्ग अन्तर्गत पर्ने भएता पनि बालीको उत्पादनमा वृद्धि गराउन तथा गुणस्तरयुक्त बीउबिजन सुव्यवस्थित रुपले उपलब्ध गराउनका लागि नेपालमा छुट्टै बीउबिजन ऐन, २०४५ ल्याइएको छ। यो ऐन बिउको उत्पादन प्रक्रिया, जाँच तथा प्रमाणीकरण प्रक्रियाका बारेमा मौन रहेको छ। विशेष गरी जैविक सुरक्षाका लागि वंशाणुगत परिवर्तन गरिएका बिरुवाबाट हुन सक्ने जोखिम मूल्याङ्कनको व्यवस्था यस ऐनमा गरिएको छैन। वनस्पति स्वास्थ्यसँग सम्बन्धित जीवनाशक विषादी ऐन, २०४८ तथा नियमावलीले कुनै बिरुवा वा बिरुवा उत्पादकलाई कुनै देशबाट आयात गर्न निषेध गर्ने वा तोकिएको शर्तहरू (जस्तै निर्यातकर्ता देशले दिएको SPS प्रमाणपत्र लिई) पूरा गरी आयात गरिएकालाई सुरक्षणको आवश्यक उपायहरू (जस्तै क्वारेन्टाइन जाँच र उपचार) अपनाई आयात गर्न दिने र नेपालमा नभएका र नफैलिएका बिरुवाका रोग र किरा संलग्न भएको हुन सक्ने कुनै पनि बिरुवा तथा बिरुवाजन्य पदार्थलाई आयात हुनबाट रोक्ने जस्ता व्यवस्था गरे पनि यो ऐन पर्याप्त छैन। SPS सम्झौता बमोजिम वनस्पति स्वास्थ्यसम्बन्धी कानूनले समेट्नु पर्ने महत्वपूर्ण पक्षहरूलाई कोष्ठक ४ मा उल्लेख गरिएको छ।

## SPS सम्झौता र कार्यान्वयन पक्षका चूनौतीहरू

SPS सम्बन्धी कानूनमा भएका कमी कमजोरीहरूलाई हटाउँदै SPS सम्झौता अनुकुल परिमार्जन गर्ने र कानून लागू गर्ने क्रममा नेपालले सामना गर्नुपर्ने चूनौतीहरू कम छैनन्।

### कोष्ठक ३: पशु स्वास्थ्यसम्बन्धी कानूनमा समावेश गर्नुपर्ने महत्वपूर्ण पक्षहरू

| | |
|---|---|
| **WTO सदस्यको अधिकार** | |
| मानव र पशुको स्वास्थ्य सुरक्षा गर्ने | पशु औषधि र भ्याक्सिन र पशु विकास र स्वास्थ्यको लागि प्रयोग गरिने जैविक रसायनको गुणस्तर नियन्त्रण गर्ने। पशुको रोग किराको संक्रमणबाट हुनसक्ने नोक्सानीबाट बचावट गर्ने। रोगी पशुको आयातबाट आउन सक्ने मानव स्वास्थ्यसम्बन्धी समस्याबाट बचावट गर्ने। संक्रामक रोग लागेका पशुलाई जुन ठाउँबाट आयात हुन लागेको हो सोही ठाउँमा फिर्ता पठाई दिने वा नष्ट गरी लागेको खर्च आयातकर्तालाई तिराउने। पशु औषधिसम्बन्धी छुट्टै कानूनको व्यवस्था गर्ने। |
| मापदण्ड छनौट गर्ने | OIE को गुणस्तर, मार्गदर्शन र सिफारिसलाई मान्ने या आफ्नो देशमा छुट्टै तयार गर्ने। |
| आपतकालिन अधिकार | पशुको रोग किराको प्रकोप फैलिन सक्ने आपतकालिन अवस्थामा त्यसको रोकथाम गर्ने आवश्यक प्रावधान राख्ने। |
| विवाद समाधान | पशु क्वारेन्टाइनसम्बन्धी अन्तर्राष्ट्रिय विवादमा WTO को विवाद समाधान निकायमा लैजाने पशु क्वारेन्टाइनसम्बन्धी प्रक्रिया नपुग्दा सम्म आयातित पशुलाई भन्सार नाकामा नै रोकि राख्ने। |
| कानून कार्यान्वयन | अनुसन्धानको लागी कुनै रोग, किरा वा सुक्ष्म जीवाणु आयात गर्नु परेमा आयात गर्ने र निर्यात गर्ने दुबै देशको स्विकृति आवश्यक पर्ने। |
| मान्यता प्राप्त गर्ने र मान्यता दिने | पशु क्वारेन्टाईन प्रयोगशालाले अन्तर्राष्ट्रिय पशु क्वारेन्टाईन प्रयोगशालाहरूको मान्यता प्राप्त गर्ने र तिनीहरूलाई मान्यता दिने। |
| **WTO सदस्यको जिम्मेवारी** | |
| भेदभाव नगर्ने | एउटै प्रकृतिका स्वदेशी र आयातित पशु र पशुजन्य पदार्थलाई राष्ट्रिय व्यवहार गर्ने। एउटै प्रकृतिका अन्य सदस्य राष्ट्रबाट आयात हुने पशु र पशुजन्य पदार्थलाई अतिसौविध्यपूर्ण राष्ट्र व्यवहार गर्ने। |
| पारदर्शिता | पशु क्वारेन्टाइनसम्बन्धी कुनै कानून वा मापदण्ड लागू गर्नु भन्दा पहिले नै WTO लाई जानकारी दिने र WTO सदस्य राष्ट्रबाट आएका राम्रा सुझावहरूलाई समावेश गर्ने। पशुरोग फैलेको र पशुबाट मानिसमा सर्ने रोगहरूको बारेमा जानकारी दिने निकाय तोक्ने। |
| पशु रोगको जोखिम मूल्याङ्कन | पशु क्वारेन्टाइनसम्बन्धी कानून वा मापदण्ड OIE को गुणस्तर, मार्गदर्शन र सिफारिस भन्दा छुट्टै मापदण्ड तयार गरेमा जोखिम मूल्याङ्कन गर्ने। पशु, पशुजन्य पदार्थ, पशुदाना तथा पशुऔषधि कहाँ, कसले, कहिले र कसरी उत्पादन भएको र के कसरी प्रशोधन गरिएको हो तुरुन्तै थाहा पाउन सक्ने संयन्त्रको व्यवस्था गर्ने। |

### कार्यान्वयन लागत

SPS सम्बन्धी उपायहरूको कार्यान्वयन हाम्रो जस्तो मुलुकलाई त्यति सहज छैन किनभने SPS सम्बन्धी आवश्यक कानूनी पूर्वाधार विकास गर्नका लागि समेत आर्थिक तथा प्राविधिक सहयोगका लागि नेपालले औद्योगिक राष्ट्र तथा दातृ संस्थाहरूमा भर पर्नु पर्ने बाध्यता छ। यसका अतिरिक्त भौतिक पूर्वाधारहरू (जस्तै, क्वारेन्टाइन चेकपोष्ट, प्रयोगशाला आदि) तयार गर्नका लागि समेत ठूलो धनराशीको आवश्यक पर्छ। वैदेशिक सहयोग बिना नेपाल एक्लैले SPS सम्बन्धी उपायहरूको कार्यान्वयन लागत धान्न सक्ने स्थिती छैन।

### क्वारेन्टाइन चेकपोष्ट

SPS सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचनाको विकास हुनु आवश्यक छ, जुन नेपालमा भैसकेको छैन। जस्तै, नेपालका धेरैजसो भन्सार नाकाहरूमा क्वारेन्टाइन चेकपोष्ट नै छैनन्। चालू रहेका चेकपोष्टहरूमा पनि आयातित खाद्य वस्तु, पशु तथा वनस्पति जाँच गर्न चाहिने वैज्ञानिक साधन तथा सामग्री पर्याप्त मात्रामा छैनन्।

### प्रमाणीकरण निकाय

नेपालमा वस्तु निरीक्षण, परीक्षण र प्रमाणीकरण गर्ने निकायहरू थोरै छन् र ती निकायहरूले पनि अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेका छैनन्। प्रमाणीकरण गरिदिने सरकारी निकायले निर्यातजन्य वस्तु परीक्षण र प्रमाणीकरण गर्दा के कस्ता विधि अपनाउने गरेका छन्, सो कुराको अभिलेख राख्ने गरेको पाइदैन। विदेशमा कृषिवस्तु निर्यात गर्दा आयात गर्ने मुलुकले वस्तु प्रमाणीकरण गर्दा प्रमाणीकरण निकायले अपनाउने विधिको लिखित दस्तावेज माग गर्ने हुँदा नेपाली कृषिजन्य वस्तुले विदेशी बजारमा आफ्नो स्थान बनाउन नसक्ने परिस्थितीको सिर्जना हुन सक्छ।

### प्रयोगशाला

स्वदेशी तथा आयातित वस्तुको जाँच तथा निरीक्षण गर्नका लागि नेपालमा खाद्य, पशु र वनस्पति प्रयोगशालाहरूको कमी छ। भएका प्रयोगशालाहरू पनि पर्याप्त साधन तथा सुविधाको अभावले प्रभावकारी ढङ्गबाट सञ्चालन हुन सकेका छैनन् भने दक्ष मानव संशाधनको पनि उत्तिकै अभाव छ।

### मानव संशाधन

SPS कानूनसम्बन्धी अन्तर्राष्ट्रिय विवाद उत्पन्न भएको अवस्थामा SPS सम्बन्धी कानूनको पर्याप्त ज्ञान भएको मानव संशाधनको जरुरत हुन्छ। SPS कानूनको विज्ञ तथा SPS को प्राविधिक पक्षका बारेमा जानकारी राख्ने सम्बन्धित प्राविधिक विदेशबाट झिकाउनु पर्ने स्थितीको सिर्जना भएमा नेपालले थप आर्थिक भार व्यहोर्नु पर्ने अवस्था आउन सक्छ।

### कोष्ठक ४: वनस्पति स्वास्थ्यसम्बन्धी कानूनमा समावेश गर्नुपर्ने महत्वपूर्ण पक्षहरू

| | |
|---|---|
| **WTO सदस्यको अधिकार** | |
| बोट बिरुवाको स्वास्थ्य सुरक्षा गर्ने | वंशाणुगत परिवर्तन गरिएका बिरुवाहरूबाट पराग सेचन भै बिरुवामा हुन सक्ने समस्याबाट बचावट गर्ने। |
| मापदण्ड छनौट गर्ने | IPPC को गुणस्तर, मार्गदर्शन र सिफारिसलाई मान्ने या आफ्नो देशमा छुट्टै तयार गर्ने। |
| आपतकालिन अधिकार | बिरुवाको रोग किराको प्रकोप फैलिन सक्ने आपतकालिन अवस्थामा त्यसको रोकथाम गर्न सक्ने गरी प्रावधान राख्ने। |
| विवाद समाधान | बिरुवा क्वारेन्टाइनसम्बन्धी अन्तर्राष्ट्रिय विवादमा WTO को विवाद समाधान निकायमा लैजाने। |
| कानून कार्यान्वयन | बिरुवा क्वारेन्टाइनसम्बन्धी प्रक्रिया नपुग्दा सम्म आयातित वस्तु भन्सार नाकामा नै रोकि राख्ने। |
| मान्यता प्राप्त गर्ने र मान्यता दिने | बिरुवा क्वारेन्टाइन प्रयोगशालाले अन्तर्राष्ट्रिय प्रयोगशालाहरूको मान्यता प्राप्त गर्ने र मान्यता दिने। |
| **WTO सदस्यको जिम्मेवारी** | |
| भेदभाव नगर्ने | एउटै प्रकृतिका स्वदेशी र आयातित बिरुवा र बिरुवाजन्य पदार्थलाई राष्ट्रिय व्यवहार गर्ने। एउटै प्रकृतिका अन्य सदस्य राष्ट्रबाट आयात हुने बिरुवा र बिरुवाजन्य पदार्थलाई अतिसौविध्यपूर्ण राष्ट्र व्यवहार गर्ने। |
| पारदर्शिता | बिरुवा क्वारेन्टाइनसम्बन्धी कुनै कानून वा मापदण्ड लागू गर्नु भन्दा पहिले नै WTO लाई जानकारी दिने र अन्य WTO सदस्य राष्ट्रहरूबाट आएका राम्रा सुझावहरूलाई समावेश गर्ने। कुनै ठाउँमा रोग किरा फैलेको जानकारी दिने निकाय तोक्ने। |
| रोग किराको जोखिम मूल्याङ्कन | बिरुवा क्वारेन्टाइनसम्बन्धी कानून वा मापदण्ड IPPC को गुणस्तर, मार्गदर्शन र सिफारिस भन्दा छुट्टै मापदण्ड तयार गरेमा जोखिम मूल्याङ्कन गर्ने। |

# नीतिसार

## आर्थिक तथा प्राविधिक सहयोग

SPS सम्झौतामा अतिकम विकसित सदस्य राष्ट्रलाई SPS लागू गर्नका लागि भौतिक पूर्वाधार स्थापना गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने कुराको उल्लेख छ। SPS सम्झौतामा विकासोन्मुख मुलुकहरूको बजार विस्तारका लागि प्रविधि, अध्ययन अनुसन्धान, पूर्वाधार निर्माणका लागि बहुपक्षीय वा द्धिपक्षीय आधारमा सहायता दिन सकिने व्यवस्था भएता पनि यसप्रकारको सहयोग अनिवार्य रुपमा प्रदान गर्नुपर्ने बाध्यात्मक व्यवस्था सम्झौतामा नभएको हुँदा सहयोग प्राप्त गर्नको लागि थप प्रयास गर्नुपर्ने हुन्छ।

## जनचेतना तथा क्षमता विकास

उत्पादन, आयात, निर्यात देखि लिएर जनस्वास्थ्य, पशु र वनस्पति स्वास्थ्यमा समेत SPS ले प्रत्यक्ष प्रभाव पार्ने हुनाले यस बारे जनचेतना बढाउनु आवश्यक छ। कृषि व्यापार तथा व्यवसायमा लागेका कतिपय नेपाली उद्यमीहरू हालसम्म पनि यस विषयमा अनभिज्ञ छन्। यसका साथै SPS सम्बन्धी विषयमा व्यवसायिक तथा प्राविधिक क्षेत्रका व्यक्तिहरूको क्षमता विकास गर्नको लागि उचित तालिमको अभाव रहेको छ।

## निष्कर्ष

मानव, पशु र वनस्पति स्वास्थ्य एक परिवर्तनशील विषय हो। एकातिर यस सम्बन्धमा विभिन्न वैज्ञानिक तथ्यहरू फेला परिरहेका हुन्छन् भने अर्कोतिर नयाँ रोगहरूको सिर्जना भइरहेको हुन्छ। त्यसैले मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षाका लागि चाहिने SPS सम्बन्धी कानून पनि परिवर्तनशील हुने हुन्छ। अत: SPS सम्बन्धी समय सापेक्ष कानूनको आवश्यकता महसूस गर्दै नेपालले मानव, पशु तथा वनस्पतिसम्बन्धी कानूनको निर्माण प्रक्रियालाई अघि बढाउनुपर्छ। तर कानून निर्माण सँगसँगै कार्यान्वयन पक्षमा देखिएका चुनौती कसरी समाधान गर्ने भन्ने सन्दर्भमा पनि नीतिगत पहल आवश्यक छ। साथै SPS सँग सम्बन्धित उपायहरूको मापदण्ड निर्धारण गर्ने अन्तर्राष्ट्रिय निकायहरूको सदस्यता प्राप्त गर्न पनि तयारी गर्नुपर्ने हुन्छ। विशेषत: SPS सम्झौताको कार्यान्वयन गर्न भनी अतिकम विकसित सदस्य राष्ट्रहरूलाई दिइएका सहुलियतहरूबाट कसरी फाइदा लिन सकिन्छ भन्ने सम्बन्धमा पनि अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ।

## सुझाव

- WTO को SPS सम्झौता अनुरुप राष्ट्रियस्तरमा SPS सम्बन्धी समय सापेक्ष तथा प्रभावकारी कानूनको तर्जुमा एवं संशोधन गर्ने क्रममा सम्बन्धित सरोकारवालाहरूसँग छलफल गर्ने।
- SPS सम्बन्धी कानून तर्जुमा वा संशोधन गर्दा SPS सम्झौताले अतिकम विकसित मुलुकहरूलाई प्रदान गरेको सहुलियतहरूलाई कसरी उपयोग गर्ने भन्ने सम्बन्धमा अध्ययन अनुसन्धान, छलफल र नीतिगत एवं संस्थागत तयारी गर्ने।
- सञ्चालनमा रहेका क्वारेन्टाइन चेकपोष्ट र प्रयोगशालाहरूलाई आधुनिकीकरण गर्ने र आवश्यक स्थानमा नयाँ चेकपोष्ट र प्रयोगशालाहरूको निर्माण गर्न चाहिने आर्थिक र प्राविधिक सहयोग जुटाउन नीतिगत पहल गर्ने।
- निर्यातजन्य कृषि वस्तु निरीक्षण, परीक्षण र प्रमाणीकरण गर्ने निकायलाई आधुनिकीकरण गर्ने र वस्तु प्रमाणीकरण विधिको अभिलेखीकरण गर्ने।
- SPS सम्बन्धी कार्य गर्ने सरकारी एवं निजी कर्मचारीहरूको कार्यगत क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गर्ने। त्यस्तै, SPS सम्बन्धी विषयमा जनचेतना तथा अन्य सरोकारवाला (जस्तै, वकिल, न्यायधिश तथा निजी उद्यमी) को क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गर्ने।
- सरकारी एवं निजी क्षेत्रबीच सहकार्य एवं साझेदारी कायम गर्न कार्ययोजना बनाई लागू गर्ने र SPS सोधपूछ केन्द्रले SPS सँग सम्बन्धित अन्य निकाय (जस्तै औषधि व्यवस्था विभाग, पशु संरक्षण निकाय, बिरुवा संरक्षण निकाय) सँग सहकार्यको वातावरण बनाउने।
- SPS सम्झौताका साथै नेपाललाई Protocol of Nepal's Accession to the World Trade Organisation मा SPS सम्बन्धी कानून कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहयोग दिने सम्बन्धमा प्रावधानहरू रहेकोले नेपालले त्यस्तो सहयोग जुटाउन कार्ययोजना बनाई WTO का विकसित सदस्य राष्ट्र एवं दातृ संस्थाहरूसँग वार्ता गर्ने। ■


SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावतीको स्थापना १९९४ मा दक्षिण एशियाका गैर–सरकारी संस्थाहरुको संयुक्त प्रयासबाट भएको हो। सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठन (World Trade Organization) सँग सम्बन्धित विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले खडा भएको दक्षिण एशियाली क्षेत्रीय सञ्जाल (regional network) हो। दक्षिण एशियाका ११ संस्थाहरू सदस्य रहेको सावतीले आर्थिक तथा व्यापारिक नीति निर्माण प्रक्रियामा स्थानीय सरोकारवालाहरूको सहभागिता हुनुपर्ने विषयमा वकालत गर्दै आएको छ।



पो.ब.नं. १९३६६, २५४ लम्टङ्गीनमार्ग, बालुवाटार, काठमाडौं, नेपाल, फोनः ४४१५८२४, ४४४४४३८, फ्याक्सः ४४४४५७०, ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org



यो नीतिसार सावतीका लागि The Asia Foundation को सहयोगमा Enhancing Private Sector Competitiveness in the WTO Era (ECOMP) कार्यक्रमअन्तर्गत कृषि अर्थशाशास्त्री डा. कृष्ण प्रसाद पन्तद्धारा तयार पारिएको हो। नीतिसारमा टिप्पणी सहित अमूल्य सुझाव दिनुहुने श्री नविन दाहाल र डा. हेमन्त दवाडीलाई संस्थाका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरिन्छ। मुद्रकःमोडर्न प्रिन्टिङ प्रेस, काठमाडौ।